नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा

Website: www.moics.gov.np
Email : info@moics.gov.np
फोन नं. ०१-४२११४६३
०१-४२११६३१
सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८/७९
चलानी नम्बरः १४६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति
सिंहदरबार, काठमाडौं

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
दर्ता नं. ११२१
मिति २०७८/११/१४

मितिः २०७८/११/१३

<u>विषयः वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका सम्बन्धमा ।</u>

श्री बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बवरमहल, काठमाडौं ।

श्री वैदेशिक व्यापार निरीक्षण शाखा
११/१३

तहाँ विभागबाट मिति २०७८/११/११ मा पेश भए बमोजिम वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ मा वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ को प्रावधानसँग बाझिएका विषयहरु संशोधनको लागि पेश भए बमोजिम मिति २०७८/११/१२ को (मन्त्रीस्तरीय) निर्णयानुसार संशोधन भई आएकोले आवश्यक कार्यार्थ सक्कलै फाइल सहित पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(सिर्जना थपलिया)
उपसचिव

श्री लक्ष्मण ... ज्यू
... गरौं
कार्यान्वयन गरौं

## वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी (पहिलो संशोधन) निर्देशिका,२०७८

वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका,२०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वीकृतिमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले यो निर्देशिका बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ मा संशोधन को दफा ८ मा संशोधनः** वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ (यस पछि मूल निर्देशिका भनिएको) को दफा ८ को उपदफा (१) मा उल्लिखित "अवधि नखुलाई र कुनै शर्त नतोकी" भन्ने शब्दहरुको सट्टा "नियमावलीको नियम ४ को उपनियम (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल निर्देशिकाको अनुसूची-१ मा संशोधनः** मूल निर्देशिकाको अनुसूची-१ को क्रम सङ्ख्या १९ मा उल्लिखित "अनुसूची-४ बमोजिमको ढाँचाको सम्झौतापत्र" भन्ने शब्दहरु झिकिएका छन्।